बर्जु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अमाहिबेल्हा सुनसरी
१ नं.प्रदेश, नेपाल

१ नं. प्रदेश, नेपाल

विषयः शिलवन्दी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।०५।२४ गते

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम ८४ बमोजिम यस बर्जु गाउँपालिका वडा नं ६ अन्तर्गत रहेको बर्जुताल परिसर भित्र रहेको तपसिल क्षेत्र/ चारकिल्ला भित्र रहेको घास तथा चरन क्षेत्रको घास बिक्री तथा पशु चराउने प्रयोजनका लागि प्रस्ताव स्वीकृत गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले उल्लेखित शर्तको अधिनमा रहि तोकिएको मितिभित्र न्युनतम प्रस्ताव अंकमा नघटाई गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | प्रस्ताव नं. | स्थान | विवरण | चारकिल्ला | न्यूनतम प्रस्ताव अंक रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | 1-078/078 | बर्जुताल परिसर | पशु चरनको लागी | पूर्व - ठूलो तालको डिल<br>पश्चिम - बर्जुतालक्षेत्रको सिमाना<br>उत्तर :- वृक्षारोपण गरेको क्षेत्र सम्म<br>दक्षिण :-बर्जुतालको सिमाना | ६०,०००।-<br>अक्षरेपी साठी हजार मात्र | रु .१८,००।- |
| २ | 2-077/078 | बर्जुताल परिसर | घास विक्री को लागी सिरु (वोढन/ढावी/ डवारी) मात्र | बर्जु ताल परिसर भित्र | २५०००।-<br>अक्षरेपी पच्चिसहजार मात्र | रु ७५०।- |

<u>सूचनाको शर्तहरु</u>

१. प्रस्ताव फाराम यो सूचना प्रकाशन भएको मितिले सातौं (७ औं) दिनसम्म यस कार्यालय बाट लिनुपर्ने छ।

२. खरिद भएको दरभाउपत्र सम्बन्धी कागजात ( ८ औं) दिन दिनको १२:०० बजे सम्म बर्जु गाउँपालिकामा दर्ता गरि सक्नु पर्नेछ ।

3. शिलबन्दी प्रस्ताव फारम साथ व्यक्तिको हकमा नागरिकताको फोटोकपी र फर्मको हकमा फर्म ईजाजतपत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ताको प्रतिलिपी र आ.व. २०७५/७६ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

4. प्रस्तावमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरि उल्लेख गरेको हुनु पर्ने छ। अंक प्रष्ट नभएमा अक्षरलाई मान्यता दिईने छ। केरमेट भएमा टिपेक्स लगाउन पाईने छैन। दरभाउपत्र दाताले केरमेट भएको दुवै तर्फ दस्तखत गरेको हुनु पर्ने छ।

5. धरौटी वापतको रकम यस गाउँपालिकाको राजश्व शाखामा नगद जम्मा गरी नगदी रसिद वा धरौटी खाता-हि.नं.२४३CA५००१७६२८००५ एन.आई.सि.एसिया बैंक(बर्जु काउन्टर) मा नगद जम्मा गरि सक्कलै बैंक भौचर प्रस्ताव साथ संलग्न राखी पेश गर्नु पर्ने छ।

6. पेश हुन आएका शिलवन्दी प्रस्ताव सूचना प्रकाशन भएको आठौं ( ८ औं) दिनमा दिनको २.00 बजे प्रस्ताव दाता तथा प्रतिनिधिको रोहबरमा यस गाउँपालिकामा खोलिने छ। शिलवन्दी प्रस्ताव दाता अनुपस्थित भएमा पनि प्रस्ताव खोल्नलाई कुनै बाधा हुने छैन । सबै भन्दा बढी प्रस्ताव अंक सकार गर्ने शिलवन्दी प्रस्ताव दाताका रितपूर्वकको शिलवन्दी प्रस्ताव स्वीकृत गरिने छ।

७. माथि उल्लेख गरिएको कुराहरु बाहेक अन्य शर्त तथा कुराहरु प्रचलित ऐन नियममा तोकिए बमोजिम हुने छ।

०८. नेपाल सरकार तथा स्थानिय तहको पेश्की फर्छ्यौट नगरेको तिर्न बाँकी रहेको व्यक्ति, फर्म वा कम्पनीको प्रस्ताव स्वीकृत गरिने छैन।

१०. शिलवन्दी प्रस्ताव सम्बन्धमा थप कुराहरु बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस गाउँपालिकामा सम्पर्क राखी बुझ्न सकिने छ।

११. कुनै कारणबाट शिलवन्दी प्रस्ताव खोल्ने मिति र समयमा शिलवन्दी प्रस्ताव खोल्न सकिएन भने त्यसको भोलि पल्ट कार्यालय समयमा शिलवन्दी प्रस्ताव तथा प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। निज को अनुपस्थितिमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

१२. शिलवन्दी प्रस्ताव दाताले जुन प्रस्तावका लागि शिलवन्दी प्रस्ताव पेश गर्न चाहेको हो सोको सम्बन्धित कोठामा आफुले कबोल गर्ने अंक उल्लेख गर्नु पर्ने छ।

१३. शिलवन्दी प्रस्ताव सम्बन्धमा सम्पुर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहने छ।

१४.चरनक्षेत्र तथा घास विक्री क्षेत्रको अवलोकन गर्नु परेमा बर्जुताल का कर्मचारी श्री सरोज चौधरी सम्पर्क नं ९८१०५२०६५१ मा सम्पर्क गर्न हुन ।

१५ .अन्य जानकारीको लागी गाउपालिकाको सम्पर्क नं ९८०७३९०९६२ मा सम्पर्क राख्न हुन ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृ

Scanned with CamScanner